# सामाजिक सुरक्षाको अवधारणा

- *कपिल लोहनी* *

आजको युगमा मुलुकको विकासको एउटा मापदण्ड सो मुलुकमा सामाजिक सुरक्षाको के कस्तो बन्दोबस्ती छ भन्ने कुराले पनि निर्धारण गर्दछ । आफ्नो मुलुकका जेष्ठ नागरिक, शिशु, बाल-बच्चा र महिला तथा कमजोर वर्ग र शारिरीक हिसाबले अशक्त व्यक्तिहरुको जीवनयापनको लागि राज्यले कस्तो व्यवस्था गरेको छ भन्ने कुराले पनि निकै महत्व राख्दछन् ।

आदिम युगमा मानिसहरु साना साना झुण्ड बनाएर नदी र जंगलको किनारामा बसेदेखि नै खाना, बसोवास र जंगली जनावरहरुबाट सुरक्षा पाउनको निम्ति आफ्ना मुखियाको नेतृत्वमा हिँड्न थालेका हुन् । हो त्यही बेला देखि नै सामाजिक सुरक्षाको अवधारणाको विकास हुन थालेको हो । समाजको तिव्र विकासका साथै ढल्कँदो उमेर, रोगव्याधी, अपाङ्गता, वेरोजगारी, मृत्यु जस्ता कारणहरुले गर्दा समाजका धेरै सदस्यहरुले दुख कष्ट भोग्नु पर्ने वाध्यता हुन शुरु भएको हो । त्यसैले समाजले जति जति प्रगति गर्दै गयो, त्यति त्यति सामाजिक सुरक्षा र लोक कल्याणकारी कार्यहरुले महत्व पाउँदै जान थाले । पुराना राजा महाराजाहरु आफ्नो राज्यभित्र भोका, नाङ्गा, रोगी र असहाय कोही नहुन् भन्ने कामनाका साथ यही दिशामा काम पनि गर्दथे । सबैजसा धर्महरुमा लोक कल्याणकारी कार्यहरु गर्नाले निकै ठूलो पुण्य कमाइने र मरेपछि पनि स्वर्गमा वास पाइने कुराहरु उल्लेख गरिएका छन् ।

रोमन तथा ग्रीक सभ्यताहरुमा आफ्नो राज्यका कसैलाई पनि खानाको समस्या नहोस् भनेर खाद्य भण्डारण गरेर राख्ने तथा जरुरतमन्दहरुलाई वितरण गर्ने व्यवस्था मिलाइएको थियो । खेतीयोग्य जमिनको नजिक गाउँ-वस्तीहरु स्थापना गर्न सके किसानहरुलाई विभिन्न प्रकारका सुरक्षा र सुविधा प्रदान गर्न सकिनुका साथै तिनका उत्पादनको बजार पनि बनाउन सकिने विचारहरु स्थापित भएर गाउँ, वस्ती र शहरहरुको विकास हुँदै गएको हो ।

सोह्रौं शताब्दिमा बेलायतले गरिबहरुको कल्याणको निम्ति "प्वर ल" को प्रतिपादन गऱ्यो भने त्यसपछि अमेरिका पत्ता लगाउनेहरुले पनि यो कानून अमेरिकामा समेत लागु गर्न थाले । अमेरिकामा लोककल्याणका धेरै प्रकारका नीतिहरु लिइयो । यतिसम्म पनि गरियो कि गरिब जनताहरुमा सँधै कल्याणकारी नीतिहरुबाट फाइदा उठाएर काम गर्ने बानी छुट्ला भनेर त्यस्ता सुरक्षा पाउनेहरुले सम्पत्ति त्याग्नु पर्ने, चुनावहरुमा भाग लिन नपाउने जस्ता कानूनहरु पनि बने । यस्तो कठोर व्यवस्था गर्नाले सामाजिक राहत लिन जो कोही नजाने र साँच्चै नै दुख पाएकाहरुले मात्र लिने गर्न थाले । सामाजिक सुरक्षा सँधै प्रदान गर्न सरकारलाई ठूलो धनराशीको अटुट रुपमा आवश्यकता पर्ने भएकोले त्यतिबेला पनि यसलाई त्यति धेरै प्राथमिकता दिइँदैनथ्यो तर अति विपन्न र बृद्ध-बृद्धाहरुको लागि भने यस्तो कुरा उपलब्ध गराइन्थ्यो ।

अमेरिकी गृहयुद्धको बेलामा हजारौं मानिसहरुको मृत्यु भयो भने कैयन् व्यक्तिहरु अपाङ्ग भए, महिलाहरु विधवा हुन पुगे तथा बाल बच्चाहरु अनाथ हुन गए । त्यसैले त्यहाँ गृहयुद्धको चपेटामा परेकाहरुका लागि एक प्रकारको सामाजिक सुरक्षाको व्यवस्था गरिन थालियो ।

यसैगरी विभिन्न कालखण्डमा विकसित हुँदै गएर सन् १८३५ मा संयुक्त राज्य अमेरिकामा पहिलो पटक सामाजिक सुरक्षाको ऐन तयार भयो, राष्ट्रपति रुजबेल्टको कार्यकालमा । कामदारहरुले आफ्नो तलब र ज्यालाको केही भाग सामाजिक सुरक्षा करको रुपमा सरकारलाई बुझाए वापत उसको योगदानको

आधारमा अवकाश प्राप्त गरेपछि सामाजिक सुरक्षाको लागि योग्य हुने प्रावधानको विकास हुँदै त्यसले आजसम्मको स्वरुपमा आउन सफल भएको छ । बृद्ध-बृद्धा तथा वेरोजगारहरुका लागी भत्ता, निशुल्क शिक्षा तथा स्वास्थ्य, सुत्केरी तथा शिशु स्याहारको लागी उपचार र पौष्टिक आहार, महामारी तथा दैवी प्रकोप व्यवस्थापन, लोक कल्याणकारी कार्यहरु तथा अन्य धेरै प्रकारका सामाजिक सुरक्षाका उपायहरुका लागी विकसित राष्ट्रहरुले विशाल कोषको सिर्जना गर्नुका साथै यो कार्यको लागी प्रत्येक वर्ष हुने खर्च र आम्दानीको प्रक्षेपण निकै धेरै समय पछिसम्मको लागी सोचेर गरेका हुन्छन् ।

सामाजिक सुरक्षाका बारेमा बेग्ला बेग्लै मुलुकका आआफ्ना परिभाषा भएता पनि समग्रमा सामाजिक सुरक्षा भन्नाले ज्येष्ठ नागरिक, अशक्त, रोगव्याधीले पीडित तथा विभिन्न प्रकारका दुर्घटनाबाट बच्न सफल र भएका व्यक्तिहरु र वेरोजगार व्यक्तिहरुलाई राज्यले दिने मानवीय सहयोग भन्ने बुझिन्छ ।

विश्वको पछिल्लो इतिहासमा हालको सामाजिक सुरक्षा र समाज कल्याणका अवधारणाहरु मार्क्सवादको सिद्धान्तको प्रतिपादन पश्चात नै व्यापक हुँदै गएको देखिन्छ । मार्क्सवादी सिद्धान्त आउनु भन्दा पहिलेको पूँजीवाद निकै कठोर थियो र गरिबलाई हित गर्ने खालको थिएन । पेरिस, लण्डन, मस्को जस्ता शहरहरुमा दिनहुँ गरिबहरु जाडो र भुकमरीले मर्ने गर्दथे । चरम गरिबीका कारण खान, लगाउन नपाएर अपराध पनि निकै बढेको थियो ।

सन् १७८९ को एक दशक लामो फ्रेन्च क्रान्ति र १७६० देखि १८४० सम्म चलेको औद्योगिक क्रान्तिले पनि यूरोपका गरिब र निमुखाहरुको हक हितका साथै त्यहाँका उद्योगहरुको आधुनिकीकरणमा समेत निकै ठूला क्रान्तिकारी परिवर्तनहरु ल्याएका थिए । तर सन् १९१७ को रूसको अक्टुवर क्रान्ति पश्चात बनेको कम्युनिष्ट सरकारबाट भने सम्पूर्ण पूँजीवादी तथा सामन्ती र राजतन्त्रात्मक शासन व्यवस्था भएका मुलुकहरु सशंकित हुन पुगेका थिए । कार्ल मार्क्स र उनका धनवान अनन्य मित्र तथा अनुयायी फ्रेडरिक एङ्गेल्सको कम्युनिष्ट मेनिफेस्टो तथा कार्ल मार्क्सले लेखेको दास क्यापिटल र उनीहरुका अन्य दर्शनहरु जस्तै थ्यौरी अफ सर्प्लस भ्यालु तथा परिवार, नीजि सम्पत्ती र राज्य बारेको दर्शन आदिको प्रकाशन पश्चात यी नविन सिद्धान्तहरुले त्यतिबेलाको विश्व बजार र राजनीतिमा निकै चर्चा पाउन थाले भने पूँजीवादी अर्थशास्त्रीहरुले पनि पूँजीवादलाई जोगाएर राख्न यसलाई अझ बढी परिष्कृत र उदारवादी बाटोमा लग्दै मार्क्सवादले औँल्याएका मजदूर, किसान र गरिब जनताहरुका हकहित तथा कल्याणकारी कदमहरु पूँजीवादमा पनि समावेश गर्दै लगेका हुन् । आज सबैजसा विकसित राष्ट्रहरु सामाजिक सुरक्षा र लोककल्याणकारी कार्यहरुका नमुना नै बन्न पुगेका छन् ।

नेपालमा पनि लोककल्याणका निम्ति पाटी बनाउने, कुवा खन्ने, मठ-मन्दिरमा भण्डारा खुवाउने जस्ता कार्यहरु परापुर्वकालदेखि नै हुँदै आएका हुन् । एकजना कान्तिपुरका मल्ल राजाले त आफुले खाना खानु भन्दा पहिला कस कसको घरबाट खाना पकाएको धुवाँ आएको छ भनेर दरवारको बुईंगलबाट हेर्ने गरेको र सबैले खान पाएका छन् भन्ने आभास पाएपछि मात्र आफु खाना खान बस्थे रे । बडामहाराज पृथ्वीनारायण शाहले पनि प्रजा मोटा भए मात्र दर्वार बलियो हुन्छ भनेका थिए । हिन्दु धर्ममा दानदातव्यको ठूलो महत्व, बौद्ध धर्ममा दिनुको महत्व बुझ्नको निम्ति आफैले मागेर धर्म गर्ने, इश्लाम धर्ममा जकात कोष खडा गरेर विपन्न वर्गका लागी शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रहरुमा मद्दत पुऱ्याउने तथा क्रिश्चियन, जैन, शिख, यहुदी आदि धर्ममा पनि विभिन्न प्रकारका कोषहरु मार्फत गरिब, दुखी तथा बृद्ध-बृद्धाहरुको हितका लागी काम गर्ने चलन छ । विश्वका जुनै पनि समाजमा आफ्नो समुदायलाई उकास्नको निम्ति सहयोगी हात बढाउन केही रकम जम्मा गरेर राखिएको हुन्छ ।

आज आएर विकसित मुलुकहरु तथा छिमेकी मुलुकहरुका सामाजिक सुरक्षा र लोक कल्याणकारी कार्यहरुको अनुकरण गरेर नै नेपालमा पनि श्रम ऐनलाई परिष्कृत गरिएको छ र सोही अनुरुप थोरै भएपनि सामाजिक सुरक्षा र लोककल्याणकारी राहतहरु जनताले पाउन थालेका छन् । तर सामाजिक सुरक्षा भन्ने कुरा निरन्तर दिइरहनु पर्ने र प्रत्येक वर्ष विश्वमा नै मानिसको सरदर आयु बढ्दै गएकोले ज्येष्ठ नागरिकहरुको संख्या दिनानुदिन बढ्दै गएकोले यसमा लाग्ने खर्च निकै धेरै हुन थालेको छ । यसो भएकोले आज विकसित राष्ट्रहरुमा पनि हालका कामदारहरुबाट उठाएको करबाट आज अवकाश प्राप्त गरेर बसेका ज्येष्ठ नागरिकहरुलाई यथेष्ट सुविधाहरु दिन तथा अन्य नागरिकहरुको कल्याणका निम्ति विभिन्न खाले कामहरु गर्न निकै हम्मे पर्दै गएको छ भने नेपाल जस्तो गरिब मुलुकमा राजनीतिक फाइदाका निम्ति भविश्यको कुनै ख्याल नै नगरी र तथ्याङ्क नै नकेलाई हचुवाको भरमा ज्येष्ठ नागरिक भत्ता बढाउँदै लगिएको छ । यस्तो सुविधा सँधै दिगो रुपमा प्रदान गरिरहन सकिन्छ वा सकिन्न भनेर सोचेको नै देखिँदैन । यस्तो खर्चको दुरगामी असर पर्ने भएकाले सामाजिक सुरक्षाको कुरामा पनि राष्ट्रिय सहमति हुनु अति आवश्यक छ भने यो बारे अध्ययन गरिरहने, सोचिरहने र योजना बनाइरहने एक स्थायी निकायको स्थापना हुनु अति महत्वपूर्ण छ ।

बृद्धावस्थामा सबैभन्दा महत्वपूर्ण कुरा भनेकै स्वास्थ्य, पोषक खुराकी र रेख देखको बन्दोबस्ती गरिदिने सुरक्षा हो । आज नेपाल पनि महामारीको चपेटामा परेको बेलामा जनतालाई सबैभन्दा ठूलो चिन्ता नै यदि अस्पताल भर्ना हुन परेको खण्डमा पैसा बिना कसरी इलाज गराएर बाँच्ने र बाँचेपछि पनि सम्पूर्ण जीवन ऋण तिर्दैमा कसरी व्यतित गर्ने भन्ने छ । त्यसैले सरकारले निशुल्क स्वास्थ्यका विभिन्न प्रकारका प्याकेजहरु बनाएर अवलम्वन गर्नु पर्दछ । नीजि अस्पतालहरुलाई पनि सरकारले विपन्न वर्गको लागी निशुल्क सेवा दिए वापत केही प्रतिशत क्षतिपुर्ति पाउने र त्यस्ता सेवाको अनुपातको आधारमा वर्षेनी करमा छुट दिने व्यवस्था मिलाईदिनु पर्दछ । त्यस्तै शिक्षामा पनि सबै वर्गको पहुँच गराउनको लागी क्रमिक रुपमा सरकारी विद्यालयहरुमा उच्च शिक्षासम्म नै निशुल्क गर्दै जानु पर्दछ र प्राविधिक शिक्षामा निकै जोड दिनु पर्दछ र नीजि शिक्षण संस्थाहरुलाई पनि विपन्न वर्गका विद्यार्थीहरु पनि अटाउने अवस्था बनाउनुका साथै तिनीहरुको निम्ति विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन दिनु पर्दछ ।

स्थानीय तहहरुमा आफ्नो क्षेत्रको जनसंख्याको कति प्रतिशत मानिस बृद्ध-बृद्धा छन्, कति प्रतिशत बालबालिका छन्, कति जना सुत्केरी छन्, विरामी छन्, अशक्त छन् आदिको तथ्याङ्क अद्यावधिक राखेर सोही अनुरुप सामाजिक सुरक्षा र घर घरमा नै आवश्यक राहतको व्यवस्था गर्नु पर्दछ । यस्तै कामको लागी नै स्थानीय सरकारको परिकल्पना गरिएको हो विश्व भरी नै । जलविद्युतमा आत्मनिर्भर हुँदै गएको हाम्रो देशमा पनि अन्य मुलुकहरुमा जस्तै थोरै युनिटको उपभोग गर्ने विपन्न वर्गहरुलाई विजुलीको महसुलमा भारी छुट दिनु पर्दछ ।

जङ्गबहादुरको पालामा मुलुकको सिमा सुरक्षा खासगरी तिव्वतसँग लडाइँ परेको खण्डमा तथा अन्य दैवी प्रकोपको समयमा खर्च गर्न भनेर त्यतिबेलाको ८-१० करोड रुपैयाँ सरकारी ढुकुटीमा छुट्याएर राखिएको थियो । चन्द्र शमशेरको पालामा तिव्वतसँग लडाइँ होला होला जस्तो भएर उक्त ढुकुटीबाट अढाई करोड निकालिएको र सो रकमको जिम्मा लिने भिम शमशेर प्रधानमन्त्री भएपछि उनले त्यो रकम हिनामिना गरिदिएको तथा बाँकी रकम पनि त्यसपछिका राणा प्रधानमन्त्रीहरुको पालामा हिनामिना भएका कुराहरु सुन्नमा आएका थिए । वैदेशिक राजगारीमा मुलुक बाहिर गएका कामदारहरुबाट कर उठाएर उनिहरुकै

कल्याणका लागी भनेर कोष बनाइएको छ तर त्यस कोषबाट रकम निकालेर कुनै ठोस कल्याणकारी कार्यमा लगाएको समाचारहरु खासै सुन्नमा आएको छैन । प्रत्येक वर्ष चुरोट, रक्सी तथा अन्य विलाषी वस्तुहरुमा अत्यधिक कर उठाएर स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरुमा खर्चिने कुरा गरिन्छ । तर नेपालमा धेरैजसो यसरी उठाएको सबै रकम अरु नै कार्यमा खर्चिने परिपाटी बसेको छ । त्यसैले जनताले कुनै पनि सरकारबाट कुनै पनि किसिमको सुरक्षाको अनुभूति प्राप्त गर्न सकेका छैनन् । यस्तै कारणले गर्दा आज यस महामारीको बेलामा पनि जनताहरु घर घरमा बसेर खोपको खोक्रो सपना, आफ्नो गक्षताले धान्नै नसक्ने गरी अस्पताल जानु पर्ने स्थिति आउन सक्ने अवस्थाले सिर्जना गरेको त्रास, वेरोजगारीको समस्याले गर्दा छाक टार्न नै हम्मे भइरहेको स्थितिको सामना आदिले गर्दा मानसिक रोग निम्त्याउँदै बसिरहेका छन् । अलि कमजोर हृदयका व्यक्तिहरु त आत्महत्याको चरणसम्म पनि पुगेको कुरा सुनिन्छ ।

हालै केही दिन अघि मात्र एउटा नेपाली टेलिभिजन च्यानलमा खानाको चरम अभावले गर्दा चेपाङजातीका महिला, बाल-बच्चादेखि सम्पुर्ण उमेरका व्यक्तिहरु खानै नपाएर बसेका विभत्स दृश्यहरु देखेर निकै दुख लाग्यो । त्यहाँ मात्र होइन, सुदुर पश्चिमका विकट स्थानहरु र मुलुकका अन्य कैयन् ठाउँहरुमा यस्तै बेहाल भएका समाचारहरु वर्षेनी सुन्नु परिरहेको छ । सँधैजसो पर्न सक्ने यस्ता समस्याका लागी पनि सरकारले खाद्यान्न र अन्य राहतको भण्डारण गरेर परिआएको बेला त्यस्ता क्षेत्रहरुमा वितरण गर्न किन नसकेको हो, बुझ्नै सकिएको छैन । राहत दिन भनेर विदेशले अनुदानमा दिएका चामलहरु पनि वितरण नगरेर कुहिएका घटनाहरु निकै सुनिएको छ । चरम भ्रष्टाचार, अव्यवस्था, अनुशासनहिनता र कुशासनको यो भन्दा ठूलो नमूना अरु के नै हुन सक्छ र ।

भुटानजस्तो सानो तथा गरिब मुलुकमा पनि शिक्षा तथा स्वास्थ्यमा सरकारले निकै ठुलो सुरक्षा प्रदान गरेको छ । आफ्नो मुलुकमा औषधीमुलो हुन नसक्ने जनतालाई एक जना कुरुवा सहित भारतका ठूला अस्पतालहरुमा इलाज गर्ने व्यवस्था मिलाई दिएको छ भने उच्च शिक्षाका लागी पनि यस्तै व्यवस्था गरिदिएको छ । भारत कै विभिन्न प्रान्तहरुमा आआफ्ना प्रकारका सामाजिक सुरक्षाका प्याकेजहरुको विकास गरिएको छ । राजधानी नयाँ दिल्लीमा गरिबहरुको लागि भनेर बिजुलीको निश्चित न्यनतम खपतमा नगण्य शुल्क लाग्ने बनाइएको छ भने रासन वितरणको लागी भनेर विद्युतीय रासन कार्ड देखि अशक्त व्यक्तिहरुको पहिचान गरेर रासन र भत्ता नियमित रुपमा घर घरमै पुऱ्याई दिने व्यवस्थाको थालनी गर्न लागेको छ ।

सामाजिक सुरक्षा र परिआएको बेलामा गरिने लोक कल्याणकारी कार्यहरुको दिर्घकालीन खाका कोरेर यस्ता सुरक्षाहरु निरन्तर प्रदान गर्न वार्षिक के कति खर्चको जोहो के कसरी गर्नुपर्छ र कम्तिमा पनि दुई तिन दशकसम्मको आर्थिक भार प्रक्षेपण, विभिन्न उमेर समुहहरुको भविश्यमा हुने संख्याको आंकडा, यो कामको लागी उठ्ने राजश्वको श्रोत र रकम आदिको निश्चितता पश्चात मात्र सरकारले यस्ता कार्य ढुक्कसँग गर्न सक्ने छ । नत्र एक डोज खोप पश्चात अर्को डोजका लागी जनता रणभूल्लमा परेको जस्तै सरकारका कुरामा विश्वास रहँदैन । भूटानको अनुभवबाट संयुक्त राष्ट्र संघले ग्रस नेशनल ह्याप्पीनेशको अवधारणा र वार्षिक सुचकाङ्कहरु प्रकाशन गर्ने गरेको पनि यही कारणले हो । कुनै पनि देशका जनता खुशी भएर बस्नको निम्ति त्यो देश निकै धनी हुनु पर्छ भन्ने जरुरी छैन । सरकारले आफुसँग भएको सीमित श्रोत र साधनको सदुपयोग गरेर सके जति सुरक्षा र सुविधा जनतालाई निरन्तर प्रदान गर्न सक्यो भने पनि जनताको खुशहाली र आत्मविश्वासको स्तरमा राम्रै अभिवृद्धि गर्न सकिन्छ ।

*   लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।
२०७८ साल असार ११ गते